बुटवल पब्लिकेशन प्रा. लि.

सम्पादकीय

डेंगु नियन्त्रणमा बेलैमा ध्यान जाओस्

हरेक बर्ष गर्मीयामसंगै डेंगुको नियती सुरु हुन्छ। लामखुट्टेको टोकाईबाट हुने डेंगु तराईका जिल्लामा मात्रै होइन पछिल्लोसमय पहाडी र हिमाली जिल्लामा पनि जोखिमकै रूपमा देखिएको छ। तराईमा यो प्रकोपकै रूपमा देखापर्ने गर्दछ। स्वास्थ्य मन्त्रालयका अनुसार चैत महिना सुरु भएसँगै देशका विभिन्न जिल्लामा डेंगुका बिरामी फेला पर्न थालेका हुन्। त्यसो त नेपालमा हरेक बर्ष यसरी नै डेंगुको प्रकोप बढ्दै गएको छ। सरकारी तथा नीजि अस्पतालमा डेंगुका विरामी उपचारका लागि आउनेक्रम सुरु भएको छ। नेपालका तराईका जिल्लाहरूमा डेंगुको संक्रमण यसरी नै बढ्दै जाने हो भने यसले भयावह अवस्था सिर्जना गराउन सक्छ। यो विषयमा संघीय सरकार, प्रदेश र स्थानीय पालिकाहरूको गंभीर ध्यान जानु जरुरी छ। त्यसो त रूपन्देही, चितवन, पश्चिम नवलपरासी र कपिलवस्तु जिल्ला डेंगु रोगको संभावित जोखिमयुक्त जिल्ला हुन। डेंगु एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाईबाट सर्ने सरुवा रोग हो। लामखुट्टेले टोकेपछि सर्ने यो रोग नियन्त्रणका लागि सम्वन्धित जिल्लाका स्वास्थ्य संस्थाहरूको ध्यानाकर्षण हुनु जरुरी देखिएको छ। स्वास्थ्य मन्त्रालयले डेंगु नियन्त्रण र सचेतनाका कार्यक्रम सञ्चालन गर्न अनुरोध समेत गरिसकेको छ। चालु आर्थिक वर्षको साउनदेखि चैतको आधाआधीसम्म १५ हजार जनामा डेंगु सङ्क्रमण पुष्टी भएको छ। यो तथ्याँक भनेको डेंगुको प्रकोप बढ्न थालेको संकेतमात्रै होइन, चुनौती पनि हो भन्ने कुरा विर्सनु हुँदैन। डेंगु ज्वरो एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने सरुवा रोग हो। एडिस लामखुट्टेले दिनमा मात्र टोक्ने भएकाले डेंगु सङ्क्रमणबाट आफू र आफ्ना परिवारलाई जोगाउन लामखुट्टेको टोकाइबाट बच्न, सुत्दा झुलको प्रयोग गर्न, लामखुट्टेको टोकाइबाट बचाउने धुप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्न, ट्याङ्की र कुलरहरू कम्तीमा हप्तामा एक पटक सरसफाई गर्न, घरको वरपर पानी जम्न नदिने, पूरै बाहुला भएको अथवा लामो बाहुला भएका कपडा लगाउन र डेंगुका कुनैपनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्थामा जानको लागि स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ।

हरेक बर्ष तराईका जिल्लामा पालिकाहरूले डेंगु नियन्त्रण गर्न र डेंगुको संक्रमण फैलिन नदिन लामखुट्टे खोज र नष्ट गर अभियान सञ्चालन गर्दै आएका छन। यो बर्ष पनि अव पालिकाहरूले समयमै यो अभियान सुरु गर्नु जरुरी छ। खोज र नष्ट गर अभियानसंगै स्थानीय समुदायमा डेंगुले गर्ने स्वास्थ्य जोखिमका बिषयमा पनि सचेतनाका कार्यक्रम लैजानु जरुरी छ। डेंगु नियन्त्रण वास्तवमा राष्ट्रिय चुनौति बन्दै आएको छ। यसमा सिंगो सरकार र नागरिक समाजको ध्यानाकर्षण हुनु जरुरी देखिएको छ। नागरिकको जीवन रक्षा गर्ने दायित्व सरकारको हो। यसमा हरेक घर परिवारको भूमिका अझै गहन र धेरै हुन्छ। त्यसमा पनि आफू बस्ने वातावरण वरपरको सरसफाईमा ध्यान दिने आफैले हो। डेंगुको संक्रमणबाट बच्नका लागि होसियार बन्न जनस्वास्थ्य कार्यालयले आग्रह गर्दै आएको छ। तर उसले गरेको आग्रहलाई पनि वेवास्ता गर्ने काम भएको छ। अवको दिनमा यसको संक्रमण जहाँ हुन्छ, त्यहाँ नियन्त्रणको पूर्व तयारी गर्नु जरुरी छ। लामखुट्टेको बासस्थान रहेको गमला, थोत्रा टायर, थोत्रा प्लास्टिक तथा टिनका डव्वा, अलकत्राका ड्रमहरूमा जम्मा हुने फोहोरो पानी समयमै फाल्ने व्यवस्था गर्नु जरुरी छ। यिनै स्थानमा लामखुट्टेले फूलपार्ने सम्भावना बढी हुन्छ। जसवाट लामखुट्टेको लार्भा उत्पन्न भएर त्यहीवाट डेंगुको संक्रमण बढ्न सक्छ। रोग लाग्नु भन्दा लाग्न नदिनु नै उत्तम उपाय हो। त्यसैले डेंगुले मानिसको ज्यान समेत लिन सक्ने भएकाले यो विषयमा सवै नागरिकको ध्यान जानुपर्दछ।

डढेलो...

लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबूराम अधिकारीले जानीजानी आगलागीको घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरेर कानूनी दायरामा ल्याउन निर्देशन दिइएको जानकारी दिए।

यस वर्ष चैत १ गतेदेखि २५ गते सम्मको अवधिमा १२ वटा जिल्लामा आगलागीका १२९ वटा घटना घटेका छन्। यो अवधिमा आगलागीमा परेर १ जनाको मृत्यु भएको र १३ जना घाइते भएको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को निर्णय पछि प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रायलेले सबै १२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई परिपत्र समेत गरेको छ। मन्त्रालयका कानून अधिकृत धन बहादुर थापा जारी परिपत्र अनुसार डढेलो नियन्त्रणका लागि निगरानी, जनचेतना र तत्काल प्रतिकार्य योजना प्रभावकारी बनाउन निर्देशन जारी गरिएको हो।

प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्रलाई अझ सशक्त बनाउँदै समन्वय, सूचना व्यवस्थापन र प्रतिकार्यमा जोड दिइएको छ। वन डढेलो तथा आगलागीको घटना नियन्त्रण र सम्भावित क्षती न्यूनिकरणका लागि भरपर्दो पूर्व तयारी गर्न अनुरोध गरिएको हो। वन ऐन, २०७६ अनुसार राष्ट्रिय वनमा आगजनी गरेमा त्यसबाट भएको सम्पूर्ण क्षतिको बिगो असुल गर्नुका साथै ३ वर्षसम्म कैद वा ६० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

कुशासनलाई...

नेपाली काँग्रेस सरकारमा रहेको हुँदा त्यसको जस अपजस दुवै पार्टीले बोक्नु परेको भन्दै थापाले जिम्मेवारीका नाममा नचाहिने भारी बोकेर काँग्रेस थिचियर बस्न नसक्ने बताएका छन। एउटा व्यक्तिले गलत काम गर्छ भने त्यसको जिम्मेवार उसैले लिनु पर्ने भन्दै महामनत्री थापाले त्यसको जिम्मेवारी काँग्रेसले नबोक्ने उनको तर्क थियो।

काँग्रेस आत्तियो भने सिँगो मुलुकले त्यसको मूल्य चुकाउनु पर्ने भन्दै थापाले पछिल्लो समयमा आम नागरिकमा देखिएको असन्तुष्टीलाई चिन्ने र चिर्ने काम पनि काँग्रेसको काँधमा आएको बताए। महामन्त्री थापाले देशमा ठूला दलहरूले केही गरेनन् र केही भयन भन्ने भ्रमलाई अन्त्य गर्दै नागरिकमा आशाका किरणहरू जगाउँदै जानु पर्नेमा जोड दिएका छन।

कार्यक्रममा अर्का महामन्त्री विश्वप्रकाश शर्माले असुन्तष्टिलाइ भजाएर मात्र राजतन्त्र फर्कने सपना नदेख्न राजावादीहरूलाई आग्रह गरेका थिए। देश अहिले सम्भावनाको नवीन मोडमा रहेको बताउँदै शर्माले यस अबस्थामा थुप्रै सम्भावनाका ढोकाहरू सुरू भएको बताए। महामन्त्री शर्माले गणतन्त्रको पक्षमा जनमत रहेको भन्दै गणतन्त्र सबैको साझा भएको बताएका छन। शर्माले राजावादी शक्तिहरूलाई गर्वमा हैन कर्ममा विश्वास गर्न समेत आग्रह गरे।

जिल्ला सम्मेलनमा नेपाली काँग्रेसका केन्द्रिय सदस्यहरू डा. चन्द्रकान्त भण्डारी, मिनेन्द्र रिजाल, अजयबाबु सिवाकोटी, चन्द्र केसी, प्रदेश सभापति अमरसिंङ पुन लगायतका केन्द्रीय तथा प्रदेश तहका नेताहरूले सम्बोधन गरेका थिए।

शिक्षक...

वार्तामा नबसि माग पुरा गराउने उनीहरूको अड्डि थियो। तर, शिक्षक नेताहरू माथि वार्ताको दबाब त्यतिखेर पर्यो जतिखेर प्रधानमन्त्री केपी ओलीले गरेको छलफलमा विना वार्ता माग पुरा गर्न नसक्ने मत व्यक्त भयो। सोमबार बेलुका प्रधानमन्त्री ओली सहित उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, मुख्यसचिव एकनारायण अर्याल र सम्बन्धित मन्त्रालयका सचिव छलफलमा जुटेका थिए। उक्त छलफलमा थप गृहकार्य गरी वार्ताबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिइएको थियो। त्यसको भोलीपल्ट शिक्षा मन्त्रालयले बुधबारका लागि वार्ता गर्न आमन्त्रण गरेको हो।

उक्त वार्तामा शिक्षक कर्मचारीका विभिन्न घटकहरूको प्रतिनिधित्व गरी आउन भनिएको छ। त्यसैले शिक्षक नेताहरू छलफलमा जुटेका हुन्। 'वार्ताका लागि सबैको प्रतिनिधित्व हुने गरी छरितो टोली बनाउने गृहकार्य भईरहेको छ' एक जना शिक्षक नेताले भने 'सडकमा वार्ताको औचित्य छैन भन्ने आवाज बलियो छ, त्यसलाई कसरी ट्याकल गर्ने भन्ने पनि यतिखेरको गम्भिर विषय बनेको छ।' वार्ताको आह्वान भएपछि शिक्षक नेताहरूले आआफ्ना निकटका कार्यकर्तालाई सामाजिक सञ्जाल मार्फत् वार्ताको वातावरण बनाउन निर्देशन दिएका अर्का शिक्षक नेताले बताए। 'विना वार्ता माग पुरा नहुने पक्का हो, तर सडकमा वार्ताको बोली सुन्नै नचाहने समूह बढेको छ त्यसैले आफ्ना माग लिपीवद्ध गर्न पनि वार्ता गर्नु जरुरी रहेको कुरा प्रचार गर्न भनिएको छ' उनले भने।

Save the Children

AUCTION NOTICE

Save the Children invites interested parties to participate in the sale of **used** Generator and IT accessories on an "as is where is" basis.

Bid form collection and goods inspection: 9 to 11 April 2025.

Bid form submission: **Before 2:00 PM, 11 April 2025.**

Save the Children

Laxminagar-4, Butwal, Phone: 071- 531220

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २७ गते बुधवार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

क) कर्जा शिर्षक : व्यावसायिक आवधिक तथा अधिविकर्ष कर्जा र डिमाण्ड लोन

ऋणीको विवरण

नाम : **दर्पण रिसोर्ट प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : अंकित शाक्य — दर्ता नं. : १७४६२४/०७४/०७५
दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं — दर्ता मिति : २०७४/०५/२१
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० — स्थायी लेखा नं. : ६०६८८९४३२

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) गोकुल शाक्यको नाति भेष राज शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **अंकित शाक्य** (ना.प्र.नं. : ३७२०३५/४९९१६ जारी मिति र जिल्ला : २०६५/०७/२१, रुपन्देही)

२) गंगामान शाक्यको नाति गोकुल शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **भेषराज शाक्य** (ना.प्र.नं. : १६६ जारी मिति र जिल्ला : २०४४/१०/१५, रुपन्देही)

३) गोकुल शाक्यको बुहारी भेषराज शाक्यको पत्नी रुपन्देही जिल्ला सालझण्डी वडा नं. १ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **तारा शाक्य** (ना.प्र.नं. : ३२१८ जारी मिति र जिल्ला : २०४६/०३/०५, रुपन्देही)

४) दिल बहादुर काउचाको नाति दल बहादुर काउचाको छोरा रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० बस्ने **सुमन काउचा** (ना.प्र.नं. : ३७२०३५/३६९ जारी मिति र जिल्ला : २०६३/१०/२६, रुपन्देही)

५) चित्र बहादुर आलेको छोरी दल बहादुर काउचाको बुहारी सुमन काउचाको पत्नी कपिलवस्तु जिल्ला बाणगंगा वडा नं. ७ हाल, रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० बस्ने **अमृता आले** (ना.प्र.नं. : ३८.०१.०६७.० ९५९४ जारी मिति र जिल्ला : २०६७/११/०१, कपिलवस्तु)

६) भेषराज शाक्यको बुहारी अंकित शाक्यको पत्नी सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. २ हाल, रुपन्देही जिल्ला सैनामैना वडा नं. १० बस्ने **कोपिला शिंह** (ना.प्र.नं. : ०६१०३७/१५४७१६ जारी मिति र जिल्ला : २०६७/०६/१३, सुनसरी)

ख) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा

ऋणीको विवरण

नाम : **भेषराज आभुषण केन्द्र** प्रोप्राइटरको नाम : तारा शाक्य — प्रा.फ.र.नं. : १४८३५
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय, रुपन्देही — दर्ता मिति : २०५९/०५/०५
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ — स्थायी लेखा नं. : ३०१२६४१८५

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) गोकुल शाक्यको बुहारी भेषराज शाक्यको पत्नी रुपन्देही जिल्ला सालझण्डी वडा नं. १ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **तारा शाक्य** (ना.प्र.नं. : ३२१८ जारी मिति र जिल्ला : २०४६/०३/०५, रुपन्देही)

२) गंगामान शाक्यको नाति गोकुल शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **भेषराज शाक्य** (ना.प्र.नं. : १६६ जारी मिति र जिल्ला : २०४४/१०/१५, रुपन्देही)

३) गोकुल शाक्यको नाति भेष राज शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **अंकित शाक्य** (ना.प्र.नं. : ३७२०३५/४९९१६ जारी मिति र जिल्ला : २०६५/०७/२१, रुपन्देही)

४) बन्दन कुमार सिंहको छोरी भेषराज शाक्यको बुहारी अंकित शाक्यको पत्नी सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. २ हाल, रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० बस्ने **कोपिला शिंह** (ना.प्र.नं. : ०६१०३७/१५४७१६ जारी मिति र जिल्ला : २०६७/०६/१३, सुनसरी)

५) गोकुल शाक्यको नातिनी भेषराज शाक्यको छोरी रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **निशा शाक्य** (ना.प्र.नं. : ३७२०३५/४८९३३ जारी मिति र जिल्ला : २०६५/०४/२७, रुपन्देही)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
१) मिति २०८१/०८/१७ को हिमालयन टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
१) मिति २०८१/१०/१० को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
भेषराज शाक्य	रुपन्देही जिल्ला गजेडी वडा नं. २	२क	६०९	८४.६५
			६१०	८४.६५
	रुपन्देही जिल्ला गजेडि वडा नं. १	१क	७७९	८४६.६०
			५६०	६७७१७
			५६१	६७७१७
	रुपन्देही जिल्ला करहिया वडा नं. ८	८क	१३०९	३३८.६४
तारा शाक्य	रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८	१०४०१९७११	१६४	८.२३
			२०६	३३६.५२
			२०४	२.७७
			१६६	१६१.०७
			२०५	५.००
			२०७	१६४.३०
दर्पण रिसोर्ट प्रा.लि.	रुपन्देही जिल्ला गजेडी वडा नं. १	१च	१२	१,०१५.७५

शर्त बन्देजहरु :

१) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०१/१६ गते मंगलवार भित्र यस बैंकको शाखा कार्यालय बुटवल आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०१/१७ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय बुटवलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

शिक्षकको...

विज्ञप्तीमा नगर प्रमुख पाण्डेले भनेका छन 'शिक्षकहरूका मागहरूको उचित सम्बोधनले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने र विद्यार्थीहरूको पठनपाठनमा अपेक्षित सुधार हुने हाम्रो विश्वास छ। हामी नेपाल सरकारलाई यो समस्याको समाधान गरी शिक्षकहरूले आफ्नो कर्मथलोमा फर्कन सक्ने वातावरण बनाउन हार्दिक अनुरोध गर्दछौं।'

यस्तै सिद्धार्थनगर नरपालिका भैरहवाका प्रमुख ईस्तायक अहमद खाँले पनि शिक्षकका माग छिटो सम्वोधन गर्न आग्रह गरेका छन्। लामो समयदेखी शिक्षकहरू आन्दोलित हुदा नतिजा प्रकासन तथा नयाँ शैक्षिक सत्रको भर्ना अभियानलाई समेत असर परेको उल्लेख गर्दै उनले जायज र बिगतमा भएका सम्झौताहरूको कार्यान्वयन गरी शिक्षकहरूलाई काममा फर्कने वाताबरण निमार्ण गर्न सरकार सगं आग्रह गरेका हुन। मगंलवार एक प्रेस बिज्ञप्ति जारी गर्दै सविधान सभा सदस्य समेत रहेका मेयर खाँनले विद्यालय शिक्षा ऐन २०८० को मस्यौदामा शिक्षकहरूका मागहरू समावेश नभएको, शिक्षकहरूको स्थायित्व, सेवा सुविधा, सरुवा-बढुवा जस्ता विषयमा विगतमा सरकारसँग भएका सहमति कार्यान्वयन नभएको र ती सहमति बारम्बार उल्लंघन भएको ठहर गरी नेपाल शिक्षक महासंघले २०८१ चैत्र २० गते देखि काठमाण्डौ केन्द्रित आन्दोलन गर्दै आएकोले यसबाट सिद्धार्थनगर नगरपालिका भित्रका विद्यालयहरूको शैक्षिक शत्र २०८१ नतिजा प्रकाशन, शैक्षिक शत्र २०८२ को भर्ना अभियान लगायतका शैक्षिक गतिविधिहरू प्रभावित भएको समेत जनाएका छन।

'यस्तो अवस्थामा नेपाल सरकारलाई शिक्षक महासंघका बिगतमा भएका सम्झौता अनुरूप जायज मागहरूलाई गम्भीरतापूर्वक विचार गरी शीघ्र प्रक्रियाद्वारा विद्यालय शिक्षा ऐन जारि गरी समस्या समाधान गर्न अनुरोध गर्दछु, उनले बिज्ञप्तिमा भनेका छन' शिक्षा क्षेत्रको स्थायित्व र प्रगतिको लागि शिक्षकहरूको आत्मसम्मान कायम राख्दै आफ्नो कर्मथलो फर्कने उचित वातावरण निर्माणका लागि नेपाल सरकारलाई हार्दिक अनुरोध गर्दछु।' उनले वार्ता र सम्वादका माध्यमवाट समस्याको समाधान निकाल्न दुवै पक्षलाई आग्रह समेत गरेका छन।

सडकमा आन्दोलन गरिरहेका शिक्षकहरूले गत वर्षको असोजमा सरकारसँग भएको ६ बुँदे सहमति कार्यान्वयन गर भनिरहेका छन्।

समितिमा सीमित विधेयक संशोधनसहित संसदबाट पारित गर भनेर सरकारलाई झकझकाइरहेका छन्। पद समायोजन, कारबाही, बढुवा, सरूवा गर्ने अधिकार स्थानीय तहबाट हटाएर संघलाई देऊ भन्ने आग्रह गरिरहेका छन्। शिक्षाको गुणस्तर बारेका बुँदा विधेयकमा थप भनेका छन्।

शिक्षकको आन्दोलन प्रति गुल्मीको चन्द्रकोट गाउँपालिका अध्यक्ष युवराज खत्रीक्षेत्रीले पूर्ण रूपमा ऐक्यवद्धता जनाएका छन्। विज्ञप्ती जारी गर्दै उनले शिक्षाको गुणस्तर वृद्धिमा शिक्षकहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ तसर्थ स्थानीय सरकारको तर्फबाट हामी नेपाल शिक्षक महासंघको आन्दोलनप्रति पूर्ण ऐक्यबद्धता प्रकट गर्दै यस परिप्रेक्ष्यमा हामी नेपाल सरकारलाई शिक्षक महासंघका बिगतमा भएका सम्झौता अनुरूप जायज मागहरूलाई गम्भीरतापूर्वक विचार गरी शीघ्र प्रक्रिया द्वारा विद्यालय शिक्षा ऐन जारि गरी समस्या समाधान गर्न अनुरोध गर्दछौं भनेका छन्। 'शिक्षकहरूको मागहरूको उचित सम्बोधनले शिक्षाक्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास लिएका छौं।' विज्ञप्तीमा उल्लेख छ।

'संविधानले तोकेको संघीय ढाँचालाई व्यवहारमा कार्यान्वयन गर्दै शिक्षालाई प्राथमिकताको विषय बनाउन हामी संघीय सरकारलाई पुनः आग्रह गर्दै शिक्षकहरूको पेशागत सम्मान, अधिकार र सुरक्षालाई सुनिश्चि गर्दै संघीय शिक्षा ऐन तुरुन्त जारी गरी शैक्षिक सत्रको प्रारम्भमा समयमै शिक्षकहरूलाई बिधालयमा फर्किने बातावरण बनाउन सरकारको तर्फवाट जिम्मेवार हुन र सहमतिको माध्यमबाट समस्याको समाधान खोज्न नेपाल सरकारसँग पुनः हार्दिक अपिल गर्दछौं"चन्द्रकोटका अध्यक्षद्वारा जारी विज्ञप्तीमा उल्लेख छ।

शिक्षक काउन्सिल, पद समायोजनलगायतका विषय विधेयकमा समेट्नुपर्ने माग गरिरहेका छन्। शिक्षकको पेशागत मर्यादा बढाउन माग गरिरहेका छन्। शिक्षकहरू अपहेलित भइरहने परिपाटी अन्त्य हुने उपाय गरियोस् भनिरहेका छन्। २०२८ सालदेखिका थाती रहेका शिक्षकका समस्या यथोचित समाधान गर भनिरहेका छन्।

आन्दोलनरत शिक्षकहरूले प्रारम्भिक बालकक्षादेखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षामा राख्नुपर्ने माग गरिरहेका छन्। आधारभूत तहको मात्रै अनुमति स्थानीय तहले र माध्यमिक तह जिल्ला शिक्षा कार्यालयको सिफारिसमा प्रदेशले दिनुपर्ने व्यवस्थासहितको कानुन बनाउनुपर्ने तर्क गरिरहेका छन्। शिक्षा कार्यालयको अधिकारलाई फराकिलो बनाउनुपर्ने र शिक्षक कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन, लामो बिदाको स्वीकृति, विभागीय कारवाही र शिक्षक किताबखानासँग सम्बन्धित निवृत्तिभरण गर्न पनि जिल्ला शिक्षा कार्यालयबाट हुनुपर्ने माग छ।

बाल विकास शिक्षालाई विद्यालयभित्र ल्याउनुपर्ने र शिक्षक बढुवामा चार श्रेणीको व्यवस्था गरी हरेक १० वर्षमा बढुवा हुने माग पनि उनीहरू गरिरहेका छन्।

शिक्षा क्षेत्रका जानकारी हरि ज्ञवालीले -'यी कुनै ठूला मागहरू होइनन्, सजिलै पूरा हुने खालका छन्। तर, यस्ता सजिला मागहरू पूरा गर्न पनि सरकार आलटाल गरिरहेको छ? सरकार यसबारे संवेदनशील हुनु जरूरी देखिन्छ।' बताउँछन्।

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिंगृ, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार संचालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !!

दोस्रो पटक प्रकाशित मिती: २०८१/१२/२५

यस स्वर्गद्वारी नगरपालिकाको आ. व. २०८१/०८२ को संघीय सरकार ससर्त अनुदान तर्फको स्विकृत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सम्बन्धित संस्थाहरुबाट पहिलो पटक प्रकाशन गरेको सूचना अनुसार जम्मा १ वटा मात्र संस्थाले प्रस्ताव पेस गरेको हुँदा दोस्रो पटक प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८२/०१/०२ गते) भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र स्वर्गद्वारी नगरपालिकाको कार्यालय भिंगृ प्युठानमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा र संलग्न गर्नुपर्ने कागजात (राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन मापदण्ड, २०७७। स्वर्गद्वारी नगरपालिकाको वेवसाईट (www.swargadwarimun.gov.np) बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

प्रमुख प्रशासकीय अधिकृत

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
भैरहवा शाखा, रुपन्देहीको

यस बैंकमा रहेको बचत डिपोजिट उपर ३५ (पैतिस) दिने हकदाबी सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/१२/२७

श्री गंगा पौडेलको नाति, श्री विश्वराम पौडेल/श्रीमती सीता पौडेलको छोरा, श्रीमती लक्ष्मी देवी पौडेलको पति, लुम्बिनी प्रदेश **रुपन्देही** जिल्ला **सिद्धार्थनगर**, न.पा वडा नं.०७ को स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश **रुपन्देही** जिल्ला **सिद्धार्थनगर**, न.पा वडा नं.०७ बस्ने श्री कृष्ण प्रसाद पौडेल (ना.प्र.नं १९९७२ जारी मिति २०३५/०३/२० प्रथम प्रतिलिपि २०५२/०३/१२ जि.प्र.का. रुपन्देही) को नाममा यस बैंकको शाखा कार्यालय **भैरहवा** शाखाबाट बचत खाता नं. १२००१००००००४६०१० उपभोग गरी आउनु भएकोमा निजको श्रीमती, लक्ष्मी देवी पौडेल (ना.प्र.नं १९९७१ जारी मिति २०३५/०३/२० प्रथम प्रतिलिपि २०५२/०३/१२ जि.प्र.का. रुपन्देही) ले श्री कृष्ण प्रसाद पौडेलको मिति बि सं २०८१/१०/२६ गते मृत्यु भएको भनी मृतकको हकवाला पत्नी नाताकी लक्ष्मी देवी पौडेलले यस बैंकमा रहेको उक्त बचत खाता उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति बि.स.२०८१/११/११ मा आवश्यक कागजात सहित यस बैंकको **भैरहवा** शाखा कार्यालय, **रुपन्देहीमा** मा निवेदन दिनु भएको हुँदा निज मृतकको नाममा यस बैंकमा रहेको बचत खातामा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकार हकबालाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको **भैरहवा** शाखा कार्यालय, **रुपन्देहीमा** हकदाबी गर्न आउनु होला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम निवेदकको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

मुख्य कार्यालयः
पो. ब. ११६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank
THE BANKER BANK OF THE YEAR 2024

माइग्रेसन सर्टिफिकेट हराएको सुचना

मिति २०८१।११।१५ गतेका दिन कपिलवस्तु देखि बुटवल तर्फ जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनुहुन हार्दिक अनुरोध गर्दछु।

नामः मुम्ताज बानो मियाँ
टि. यु. रजिष्ट्रेसन नंः 5-2-37-1170-2007
ठेगानाः कृष्णनगर नगरपालिका वार्ड नं.-८, बहादुरगंज
सम्पर्कः ९८१८६८५८९२, ९८४९२४५९१८

पेन्सन पट्टा तथा नागरिकता हराएको सूचना

गुल्मी जिल्ला साविक दोहली गा. वि. स. वडा नं. ६ हाल इस्मा गाउँपालिका वडा नं. ४ बस्ने म नेपाली सेनाको अवकास प्राप्त अ. म. तुल्सी राम बस्नेतको नामको नेपाली सेनाको निवृतभरण निम्न नामको नेपाली नागरिकता मिती २०८१/११/१० रुपन्देही जिल्लाको गोलपार्क देखी चौराह तर्फ जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा सम्पर्क व्यक्ति तुल्सी राम बस्नेतलाई सर्म्पक गरीदिनु हुन अनुरोध गर्दछु।

नामः तुल्सी राम बस्नेत
दर्जा/अ.म.
क.नं.२२६२३४
नागरिकता नं.: ३१०११ **पेन्सन पट्टा नं.**: ६१७४७२
सम्पर्क नम्बरः ९८४७२३४१००

बिमालेख हराएको सूचना

मेरो निम्न व्यहोरा भएको बिमालेख मिति २०८१/११/१० गते तौलिहवा देखि चनौटा जाने क्रममा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड द्वारा जारी भएको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय, ईन्स्योरेन्स कम्पनीको कार्यालय वा निम्न ठेगानामा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

नामः मन्जुदेवी भुज
पोलिसी नं. १५००३५३६४
ठेगानाःकपिलवस्तु नगरपालिका-४, कपिलवस्तु, लौसा